# शहीदनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### यदुकूहा , धनुषा
### प्रदेश नं. २ नेपाल

**सिलबन्दी दरभाउपत्र सम्वन्धी सुचना**

***प्रथम पटक प्रकाशित मिति : २०७७/०९/१०***

यस कार्यालयको आ.व. २०७७।०७८ को विनियोजीत बजेटवाट कार्यालयको लागी आवश्यक पर्ने मोटर साईकल खरीद गर्नु पर्ने भएकोले मोटरसाईकल खरिद कार्य सिलवन्दी दरभाउपत्रद्धारा गराउनुपर्ने भएको हुदाँ नेपाल सरकारवाट ईजाजत प्राप्त ईच्छुक नेपाली फर्म बिक्रेता वा सप्लार्यसहरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१) दरभाउपत्रहरु प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा चालु आ.व. का लागी नविकरण भएको इजाजतपत्र, आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्र आदिको प्रमाणित प्रतिलिपी सँलग्न राखी निवेदन दिई सुचनामा उल्लेख भए अनुसार दरभाउपत्र (फिर्ता नहुने गरी) नगदै यस कार्यालयको राजस्व शाखामा भौचर काटेर वा **खाता नं. १२२०१००३०१०१००१० राष्ट्रिय वाणिज्य बैंक लि**., जनकपुरधाम शाखामा जम्मा भएको भौचर बुझाई दरभाउपत्र खरिद गर्न सकिने छ ।

२) खरीद भएका दरभाउपत्रहरु प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्रमा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., कामको विवरण, दरभाउपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप सहित सिलबन्दी लाहछाप गरेर पेश गर्न सकिनेछ । दर्ता भएका दरभाउपत्रहरु यस कार्यालयमा सोहि दिनको ०२:०० बजे दरभाउपत्रदाता प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन

३) दरभाउपत्र साथ धरौटी वापत देहायका उल्लेख भए अनुसारको रकम धरौटी खाता नं. १२२०१००३०३०००१० राष्ट्रिय वाणिज्य बैंक लि., जनकपुरधाम को शाखामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंक बाट क वर्गको मान्यता प्राप्त वितिय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र खोलेको मितिले ७५ दिन मान्य अवधिको दरभाउपत्र (**Bid Guarantee**) पेश गर्नु पर्नेछ ।

४) दरभाउपत्र शर्त रहित, केरमेट नभएको यस कार्यालयले उपलब्ध गराएको शिलबन्दी दरभाउपत्र पुस्तिकामा कुनै थप घट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समयभित्र प्राप्त नभएको, रित नपुगेको सूचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन ।

५) दरभाउ पत्र खरिद वा दर्ता गर्ने फर्महरुले कार्यको सम्बन्धमा राम्रो संग बुझी हेरी दरभाउपत्र भरेको मानिने छ ।

६) एक व्यक्ति वा फर्मको नाममा खरिद भएका दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

७) दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

८) दरभउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तीम दिन विदापरेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९) आह्वान गरेको शिलवन्दी दरभाउपत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने,वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ

१०) दरभाउपत्रमा प्रस्तावित बजेट अनुसार आह्वान गरेतापनी भुक्तानी दिदा आ.व.मा प्राप्त अख्तियारी भित्र रही भुक्तानी गरीनेछ ।

११) दरभाउपत्र सम्वन्धी अन्य कुनै कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१२) यस सुचनामा उल्लेख भए वाहेकको हकमा सार्वजनिक खरिदऐन २०६३ सार्वजनिक खरीद नियमावली २०६४ वमोजीम हुनेछ ।

१३) यस सुचनामा कुनै संसोधित भएमा त्यसको जानकारी यस कार्यालयको सुचनापाटीमा टाँस गरीनेछ ।

| ठेक्का संकेत न. | कामको विवरण | आवश्यक संख्या | लागत अनुमान (मु.अ.कर सहीत) | बिड सेक्युरिटी रकम रु. | दरभाउ पत्र दस्तुर रकम रु. |
|---|---|---|---|---|---|
| श.न.पा ०२/०७७/०७८ | मोटर साइकल खरीद गर्ने कार्य | ८ थान | २१,००,०००।०० | ५२,५००।०० | १०००।०० |

**प्रमुख प्रशासकिय अधिकृत**